नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार बिभाग

# महेशपुर भन्सार कार्यालय, महेशपुर, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

## विषयः- मालवस्तु लिलाम सम्वन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०८१।०८।१०

भन्सार छली चोरी निकासी/पैठारी लगायत बिभिन्न अभियोगमा विभिन्न मितिमा यस कार्यालयमा प्रतिवेदन सहित दाखिला भएका तपसीलमा उल्लेखित भन्सार ऐन, २०६४ बमोजिम सो मालवस्तु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य सिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले भन्सार ऐन, २०६४ को दफा ५० तथा भन्सार नियमावली, २०६४ को नियम ३५ (१) अनुसार यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म वा संस्थावाट सूचना प्रकाशित भएको मितिले १५ औ (पन्ध्र) दिन भित्र तपसीलमा लेखिएका सर्तहरुको अधिनमा रहने गरि गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको छ । वोलपत्र फाराम यस कार्यालयको लेखा र मुद्दा शाखाबाट खरिद गर्न सकिनेछ । साथै आफूले कबोल गरेको रकमको १०% ले हुने आउने धरौटी रकम महेशपुर भन्सार कार्यालयको नाममा रहेको प्रभु बैंक लिमिटेडको धरौटी खाता नं.क २.९ महेशपुर भन्सार कोष ०५००११४९७४०००२१ मा जम्मा गरी सो को सक्कल भौचर वोलपत्र साथ पेश गर्नु पर्नेछ । अन्य व्यहोरा वुझ्नु पर्ने भएमा कार्यालय समय भित्र यस कार्यालयको मुद्दा शाखामा सम्पर्क गरी वुझ्न सकिनेछ । साथै यो सूचना भन्सार विभागको वेभसाईट https://customs.gov.np/mahespur मा पनि हेर्न सकिनेछ ।

| तपसिल | | | |
|---|---|---|---|
| वोलपत्र नं. १ | | | |
| क्र.सं. | मुद्दा नं. र मिति | मालवस्तुको नाम र परिमाण | न्युनतम मुल्य |
| १ | ११७/०७८/०५/०९ | \|MOBILE:- (1) REALME C25 19 PCS, (2) REALME C21 58 PCS, (3) \| REALME C11 25 PCS, (4) POCO C3 20 PCS (5) REALME C20 36 PCS,(6) POCO M2 20 PCS, (7) REDMI 9 56 PCS (8) REDMI NOTE 9 (15 PCS, (9) REDMI 91 7 (10) REDMI NOTE 105 13 PCS (11) NARZO 30A 30 PCS (12) POCO M3 PRO5G 5 PCS (13) REALME 8 23 PCS (14) REDMI 8A 56 PCS (15) REDMI 9A 30 PCS (16) REDMI NOTE 10 PRO 26 PCS, (17) REDMI NOTE 9 PRO 21 PCS (18) POCO M37 PCS (19) POCO M3 PRO5G 3 PCS, (20) REALME 7PRO 4PCS (21) \|REDMI 9PRIME 5 PCS (22) REDMI NOTE 10 PRO MAX 17 PCS (23) REALME 8PRO 6 PCS, (24) REALME 8 5G PRO 17 PCS, (25) REDMI NOTE 104 PCS (26) POCO F3 GT3 PCS, (27) POCO X3 2 PCS, (28) NORD ONE PLUS CE 5G 12 PCS (29) NOKIA 105 40 PCS, (30) NOKIA 110 8 PCS,(31) NOKIA 225 4 PCS,(32) NOKIA 3510 3 PCS , (33) MI WATCH REVOLive WATCH 1 PCS, (34) MOBILE CHARGER 1 PCS (लिलाम सकारकर्ताले लिलाम पश्चात दुरसञ्चार प्रधिकरणबाट मोवाईलको टाईप एप्रुभल लिनु पर्ने छ ।) | ३२४११९०७ |

| | | बोलपत्र नं. २ | |
|---|---|---|---|
| २ | २०/२०८१/०४/२० | MOBILE: (1) IPHONE 13-5PCS, IPHONE 12-11PCS, IPHONE 11-3PCS, IPHONE 8-10PCS, IPHONE 7-14PCS, POCO MOBILE-48PCS, REDMI-1PCS (सबै खुल्ला रुपमा रहेको) | १३३४००० |

शर्तहरू :

१)बोलपत्रको सूचना प्रकाशित भएको मितिले पन्धौं दिन (२०८१।०८।२४ गते (१५) औ दिनमा सार्वजनिक विदा परेमा सो को भोलिपल्ट) कार्यालय समय (विहान १० देखि साँझ ४ बजे ) मा रू.२०००।- बुझाई (फिर्ता नहुने) यस कार्यालयबाट बोलपत्र खरीद गर्न सकिने छ । कार्यालयबाट विक्री भएको तथा जुन बोलपत्र नम्बरको बोलपत्र खरीद गरेको हो सोही बोलपत्र जसको नाममा जारी भएको हो सोही व्यक्ति वा फर्म बाहेक अन्यले बोलपत्र दाखिला गर्न सक्ने छैन ।

२)बोलपत्र फाराम खरीदका लागि रू १० का टिकट टाँसी फर्मका हकमा फर्मको इजाजतपत्रको प्रमाणित प्रतिलिपि,गत आ.व.को कर चुक्ता प्रमाणपत्र,मू.अ.करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,प्रोपाईटर/संचालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहितको निवेदन यस कार्यालयमा पेश गर्नु पर्ने छ ।

३)बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र फाराममा सहीछाप गरेको हुनु पर्नेछ, अन्यथा बोलपत्र रद्द गरिनेछ ।

४)कबोल गरेको रकमलाई अंक र अक्षर दुवै मा स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेको बोलपत्रमा अक्षरलाई मान्यता दिईनेछ र केरमेट भएको स्थानमा दस्तखत गरेको हुनुपर्ने छ, अन्यथा मान्यता दिईने छैन ।

५)बोलपत्र दाखिला गर्दा बोलपत्र नं.,बोलपत्रदाताको नाम थर,ठेगाना,फोन नं.लेखी खाममा लाहाछाप लगाई सिलबन्दी/खामबन्दी गरी पेश गर्नु पर्ने छ ।

६)सूचना प्रकाशित भएको मितिले पन्धौं दिन (२०८१।०८।२४ गते ) कार्यालय समय भित्र खरिद गरिएको बोलपत्र फाराम सोरौं दिन (२०८१।०८।२५ गते ) दिउसो १२:०० बजे सम्म यस कार्यालयमा दर्ता हुनेछ । दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरू सोहि दिन दिनको २:०० बजे उपस्थित प्रतिनिधिहरू र बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र खोलिने दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट कार्यालय खुले पछि सोहि समयमा खोलिनेछ ।

७) कुनै शर्त राखी पेश गरेको बोलपत्र मान्य हुने छैन ।

८) बोलपत्र स्वीकृत भएको मितिले ७ (सात)दिन भित्र आफूले कबोल गरेको मालवस्तुको कबोल मूल्य र सो मा प्रचलित नियमानुसार लाग्ने कर (मु.अ.कर,अन्त:शुल्क) समेत बुझाई मालवस्तु उठाई लैजानु पर्नेछ । सात दिन भित्र आफूले कबोल गरेको रकम दाखिला गरी मालवस्तु उठाई नलगेमा निजको धरौटी जफत गरी निज भन्दा क्रमश:घटी कबोल गर्ने दोस्रो, तेश्रो र चौथो लाई प्राथमिकता दिइने छ र सो अनुसार पनि लिलाम हुन नसकेमा धरौटी रकम जफत गरी पुन: लिलामको कारवाही अगाडी बढाइनेछ ।

९)मालवस्तुको भौतिक अवस्था हेर्न चाहेमा यस कार्यालयमा आएर कार्यालय समय भित्र हेर्न,बुझ्न सकिनेछ । बोलपत्र सम्बन्धी कागजात खरिद गर्नेहरूले मात्र मालसमानहरू हेर्न सक्नेछन् ।

१०) लिलाम सकारकर्ताले लिलाम पश्चात दुरसञ्चार प्रधिकरणबाट मोबाईलको टाईप एप्रुभल लिनु पर्ने छ ।

११)बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुन: लिलामको सूचना प्रकाशित गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१२)यसमा नपरेका कुराहरू प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।